म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ११७ आइतबार २३ मंसिर २०८१ ने. सं. ११४५ थिलाथ्व 8 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## निर्माण दिवसमा खाद्यान्न वितरण

हेटौंडा, २२ मंसिर/निर्माण व्यवसायी संघ मकवानपुरले हेटौंडा उपमहानगरपालिका-१० स्थित संस्कृत बेद विद्यालयमा खाद्यान्न प्रदान गरेको छ । संघले १७ औं राष्ट्रिय निर्माण दिवसका अवसरमा शनिबार आयोजित कार्यक्रममा विद्यालयलाई खाद्यान्न प्रदान गरेको हो ।

संघका अध्यक्ष बालगोपाल कंडेलले संघले निर्माण दिवसको अवसर पारेर सामाजिक उत्तरदायित्वअन्तर्गत संस्कृत विद्यालयलाई खाद्यान्न वितरण गरेको बताए । खाद्यान्न वितरण कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष सागर कटुवाल, प्रथम उपाध्यक्ष भवनाथ अधिकारी, द्वितीय उपाध्यक्ष भीमसेन श्रेष्ठ, महासचिव राजेन्द्र चौलागाईं, उपमहासचिव सुरज बर्तौला, कोषाध्यक्ष अनल श्रेष्ठ, सहकोषाध्यक्ष प्रकाश लामालगायतको उपस्थिति रहेको थियो ।

# श्री तिरुपति बालाजी दिव्यधाम हेटौंडामा निर्माण सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर, धार्मिक तथा पर्यटन प्रवर्द्धनको पवित्र उद्देश्य राखेर हेटौंडा उपमहानगर पालिका वडा नं. १ भैरबडाँडा (भागवतपुर) मा श्री तिरुपति बालाजी दिव्यधामको निर्माण कार्य शनिबार एक विशेष समारोहबीच सुरु भएको छ ।

भैरबडाँडा र थाकलडाँडा जाने बाटोको संगमस्थलमा बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुरसिं लामाले सिलान्यास गरेका हुन् । श्री तिरुपति बालाजी दिव्यधाम नेपालले जग्गा खरिद गरी निर्माण प्रक्रिया सुरु गरेको हो । दिव्यधामको सिलान्यास गर्दै मुख्यमन्त्री लामाले नेपालमा धार्मिक महत्वका क्षेत्रहरु धेरै रहेकोले ती क्षेत्रहरुको उजागर गरेर प्रचारप्रसार गर्न सके आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन गर्न सकिने बताए । बागमती प्रदेशको राजधानीमा बन्न लागेको यो धाम सबैले एकभक्त भएर काम गरेमा यसको निर्माण सोचेकै समयमा हुनेमा दुईमत नहुने मुख्यमन्त्री लामाले बताए । यसवर्ष बजेट बनिसकेकोले आगामी वर्ष दिव्यधाम निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिने प्रतिबद्धता व्यक्त गरे ।

आचार्य अनन्त श्री विभूषित बैकुण्ठबासी १००८ स्वामीश्री जनार्दनाचार्यज्यूको संकल्प तथा उत्तराधिकारी स्वामी अनन्त श्रीविभूषित स्वामी चतुर्भुजाचार्य (चुडामणिजी) महाराजज्यूको सानिध्यमा भएको कार्यक्रमका विशिष्ट अतिथि बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले दिव्यधामको परिकल्पना धेरै राम्रो भएको र निरन्तर इमान्दारितापूर्वक मेहनत गरे निर्माण सम्भव भएको बताए । दिव्यधाम निर्माणमा स्थानीय जनता, वन समितिहरु, स्थानीय सरकारले आवश्यक सहयोग गर्नुपर्नेमा उनले जोड दिए । उनले परियोजना अन्तर्गत्का कार्यहरुलाई छुट्टाछुट्टै निकायसंगको सहकार्यमा संगसंगै अगाडि बढाउन सुझावदिए ।



हेटौंडा उपमहानगरपालिका-१ भैरबडाँडा (भागवतपुर) मा श्रीतिरुपति बालाजी दिव्यधामको निर्माणका लागि शिलान्यास गर्दै बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामा र पूर्वमुख्यमन्त्री डोरमणि पौडेल ।

दिव्यधाम निर्माणको लागि जग्गा उपलब्ध गराउनुहुने हेटौंडा-२ निवासी अशोक शाक्यले आफ्नो सहयोगले धाम निर्माण हुने भएपछि जग्गा उपलब्ध गराएको बताए । उनले आगामी दिनमा धाम निर्माणको लागि आवश्यक सहयोग गर्न आफू तयार रहेको पनि स्पष्ट पारे । कार्यक्रममा उनलाई विशेष सम्मानपत्रसहित सम्मानितगरिएको थियो ।

जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष ललितबहादुर घलानले सबै जातजाति, भाषाभाषी, राजनीतिक दल तथा संघसंस्थाको सहयोगमा दिव्यधाम निर्माण सम्पन्न हुनेमा विश्वास व्यक्त गरे । उनले दिव्यधाम निर्माण गर्न समितिले सदैव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

हेटौंडा उपमहानगर पालिकाका प्रमुख मिनाकुमारी लामाले तिरुपति बालाजी दिव्यधाम निर्माणको लागि हेटौंडा उपमहानगर पालिका छनौट भएकोमा खुशि व्यक्त गरे । उनले व्यक्तिगत प्रयासमा थालिएको दिव्यधाम निर्माणको कार्यमा उपमहानगरपालिकाले सक्दो सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे । उनले स्थानीय सरकारले आफ्नो क्षेत्रको विकासका सबै पाटोमा ध्यान दिनुपर्नेमा हेटौंडा उपमहानगरपालिका त्यसमा सक्रिय रहेको बताए ।

कार्यक्रम संयोजक तथा १ नं. वडा अध्यक्ष सविन न्यौपानेले विकासका पूर्वाधारहरुको कामबाट मात्र समग्र नगरको विकास नहुने भन्दै अब धार्मिक पर्यटनको माध्यमबाट हेटौंडालाई विश्वमै चिनाउने अभियान सुरु गरिएको बताए । उनले श्री तिरुपति बालाजी दिव्यधाम निर्माणको कार्यलाई तीव्र गतिमा अगाडि बढाउने बताए ।

दिव्यधामअन्तर्गत् उक्त क्षेत्रमाश्री तिरुपतिबालाजीको मन्दिर, पञ्चमुखीहनुमानको मूर्ति, गोपुर, ज्येष्ठ नागरिक केन्द्र, बालउद्यान, योग साधनाभवन, जडिबुटी उद्यान, शहीद स्मारकदेखि नकौलीहुँदै मकवानपुरगढीसम्म केबुलकार, स्वास्थ्य केन्द्र, बसपार्क, प्रहरी घर, तीर्थयात्री निवास, विवाह मण्डप, धार्मिक सांस्कृतिक परिवेश झल्कने तिरुपति नगरी बस्ती, सुरुङ्गमार्गसहितको सालग्राम भगवान, संकल्पकर्ता स्वामी जनार्दनाचार्यजीको मूर्ति निर्माण गर्ने, तिरुपति सिसमहल, हवन मण्डल, पुष्करिणी तलाउनिर्माण, तिरुपति गौशाला, तिरुपति चरणपादुका निर्माण गर्ने योजना रहेको परिकल्पनाकार धर्मदत्त घिमिरेले जानकारी दिनुभयो ।

कार्यक्रममा अरुणराज सुमार्गी, लक्ष्मीनारायण मन्दिर लक्ष्मीपुरका मठाधीस बरदाराजाचार्य, लक्ष्मीनारायण मन्दिर न्युरेनीका मठाधीस स्वामीजनार्दनाचार्य, लक्ष्मी बैकुण्ठनाथ मन्दिर भरतपुरका स्वामीजगन्नाथाचार्य, श्रीवैष्णव युवा परिषद् नेपालकाअध्यक्ष स्वामी लक्ष्मणाचार्य, श्रीवैष्णव परिषद् नेपालका उपाध्यक्ष कृष्णप्रपन्न गौतम, विश्वहिन्दु महासंघ केन्द्रीय सदस्य फूलनाथ निउरे, मारवाडी एसोसिएसन मकवानपुरका अध्यक्ष राजु तायललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# बालबालिकालाई अभिभावकत्व दिएर संरक्षण गरेकोमा प्रदेशप्रमुखद्वारा प्रशंसा

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले अभिभावकविहीन र बाबुआमासँग कैद जीवन बिताइरहेका बालबालिकालाई बालमन्दिरमार्फत् संरक्षणमा राखेरकोमा बाल संगठनको कामको प्रशंसा गरेका छन् ।

बालबालिकाको हकहितका लागि कार्य गर्ने सबैभन्दा पुरानो, ठुलो र शसक्त संस्था नेपाल बाल संगठनद्वारा आयोजित पुनर्मिलन तथा पुनर्ताजगी कार्यक्रममा प्रदेशप्रमुख देवकोटाले बालबालिकाको संरक्षण गर्ने कार्यको प्रशंसा गरेका हुन् । बालबालिकाको सरोकारको यो महत्वपूर्ण कार्यक्रमको हिस्सा बन्न पाउँदा आफूलाई खुशी लागेको उनले बताए । पूर्व राष्ट्रपति बिद्यादेवी भण्डारीसमेतको उपस्थितिमा उनले यस्तो बताएका हुन् ।

'भिन्न परिस्थितिबाट आएका नानीबाबुको खानपान, बास, स्नेह, शिक्षा, स्वास्थ्य, मनोरञ्जन, परामर्श, भविष्यको गोरेटो देखाउने यी सबकार्य कुनै चानचुन कुरा होइनन्' उनले भने । बालबालिकामा असीमित क्षमता हुने उल्लेख गर्दै प्रदेशप्रमुख देवकोटाले बाज चराजस्तो गगनमा बिचरण गर्ने थुप्रै बालबालिका पालुवा निमोठिएको बिरुवा जसरी




बाँचिरहेका बताए । राज्यको मात्र मुख नताकी अबोध नानीबाबुको भबिष्य कोर्न लागिपर्ने नेपाल बाल संगठन तथा बाल मन्दिर र बालबालिकाको क्षेत्रमा काम गर्ने सम्पूर्ण संस्था र सरोकारवाला सबैमा हार्दिकता व्यक्त गरे ।

नेपालको संविधानले मौलिक हकअन्तर्गत बालबालिकाको हकसम्बन्धी व्यवस्था उल्लेख गरेको स्मरण गर्दै बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, बौद्धिक तथा संवेगात्मक विकासमा सबैले पहल गर्नुपर्ने बताए । बालबालिकाको आधारभूत आवश्यकता, प्रतिभा पहिचान र प्रस्फुटनमा गरिने मन, धन, बचन र कर्मको लगानी सबैभन्दा महत्वपूर्ण कार्य भएको उनले बताए । राज्य र मनकारी दाताले नेपाल बाल संगठन र बालमन्दिरको नाममा अर्पेको भौतिक सम्पतिको बारेमा कताक्ता नरमाइला कुरा सुन्न परेको भन्दै उनले दु:ख लागेको बताउँदै सम्बन्धित निकायले यो विषयलाई गम्भीररुपमा लिनुपर्ने बताए ।

२०२१ सालमा स्थापना भएको नेपाल बाल संगठनले ६ दशक पारगरेको छ । 'समयको खेलले आफन्तसँग बिछोडिए पनि मिलनका दिनले पर्खने उनले बताए । आज यो पुनर्मिलनको पलको साक्षी बन्दा ममा बेग्लै अनुभूति भएको छ, म भावुक भएको छु' उनले भने ।

वि.सं. २०२१ सालमा नेपाल बाल संगठनको स्थापनापश्चात बालमन्दिर भवन निमार्ण गरी विभिन्न जिल्लाबाट प्रतिकूल परिस्थितिमा रहेका बालबालिकाको लागि आवास तथा बालमन्दिर विद्यालय संचालन गर्दै आएको अध्यक्ष विद्या उपाध्याय न्यौपानेले बताइन् । 'समृद्ध राष्ट्रको मूल आधार, सुरक्षा र मुस्कान सहितको बालअधिकार' भन्ने नाराका साथ संगठनले काम गरिरहेको अध्यक्ष न्यौपानेले बताइन् ।

## मकवानपुर र चितवनका पालिकाको योजना तर्जुमा गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ प्रदेश नीति तथा योजना आयोग बागमती प्रदेशको आयोजनामा जिल्लास्तरीय वार्षिक योजना तर्जुमा गोष्ठी हुने भएको छ । मकवानपुर र चितवन जिल्लाका १७ पालिकालाई केन्द्रित गरेर आयोगले ५ पुसमा योजना तर्जुमा गोष्ठी आयोजना गरेको आयोगका अधिकृत नवौं अच्युतप्रसाद उपाध्ययायले जानकारी दिए ।

जिल्ला समन्वय समिति चितवनको सभाहल भरतपुरमा हुन लागेको गोष्ठीमा मकवानपुरको एक उपमहानगरपालिका, एक नगर पालिका, ८ वटा गाउँपालिका तथा चितवन जिल्लाको एक महानगर पालिका, ५ नगरपालिका र एक गाउँपालिकाकाबाट २/२ जनाको दरले सहभागिता जनाउँदैछन् । गोष्ठीमा नगरपालिकाबाट प्रमुख र उपप्रमुखमध्ये एक र गाउँपालिकाबाट अध्यक्ष उपाध्यक्षमध्येबाट १ तथा १७ वटै पालिकाबाट प्रमुख प्रशासकीय अधिकृत वा योजनाप्रमुखमध्ये एकजनाको सहभागिता रहने उपाध्यायले बताए ।

गोष्ठमिा आगामि आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता निर्धारण, आयोजना बैंक, विशेष र समपुरक तथा सशर्त योजना छनोटको विषयमा छलफल हुने आयोगले जनाएको छ । कार्यक्रममा दुई जिल्लाका १७ वटै पालिकाले १०/१० मिनेटको प्रस्तुतिकरण समेत गर्ने कार्यक्रम तय भएको छ ।

## तामाङ पत्रकार संघ बागमती प्रदेशको अधिवेशन

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ तामाङ पत्रकार संघ बागमती प्रदेश समितिको दोस्रो अधिवेशन सम्पन्न भएको छ । हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा अधिवेशनको उद्घाटन भएको हो ।

नगरप्रमुख लामाले पछाडि पारिएका समुदायलाई हकअधिकार प्रदान गर्दै अगाडि बढ्ने स्थानीय सरकारको उद्देश्य रहेको बताइन् । नगरप्रमुख लामाले स्थानीय पाठ्यक्रममा तामाङ समुदायको भाषा समावेश गराउन पहल गर्ने प्रतिबद्धता जनाइन् । तामाङ समुदायको संस्कृति परम्पर लाई संरक्षण गर्न तामाङ संग्रहालय निर्माण गरिएको बताउँदै उनले यसको व्यवस्थापन गर्न उपमहानगर प्रतिबद्ध रहेको बताइन् ।

रेडियो नेपालका कार्यकारीनिर्देशक अमरध्वज लामा बल र उत्कृष्ट कार्य गरेबापत चितवन जिल्लालाई सम्मान गरिएको थियो । अधिवेशनको बन्दसत्रले चितवनका ज्ञानेन्द्र तामाङलाई अध्यक्षमा सर्वसम्मत रुपमा चयन गरेको छ । उपाध्यक्षमा जगतमान तामाङ, सचिवमा दिलबहादुर तामाङ, सह-सचिवमा मायालु लामा र कोषाध्यक्षमा पेमा लामादोङ चयन भएका छन् । सदस्यहरुमा श्यामलाल लामा, फुर्वा तामाङ, नवराज वाइबा, बबिलाल तामाङ, विकास वाईबा सर्वसम्मत चयन भएका छन् ।

# 'सामुदायिक विद्यालय प्रबिधिमैत्री हुन सकेनन्'

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ एस्ट्रोनोभा फाउन्डेसन नेपालले शनिबार हेटौंडामा शिक्षण सिकाई प्रक्रियामा स्टीम पेडागोजीलाई कसरी एकीकृत गरी शैक्षिक गुणस्तर हासिल गर्न सकिन्छ भन्ने विषयमा बहस गरेको छ ।

विद्यालयमा शिक्षण सिकाइमा काठमाडौं विश्वविद्यालयको सहकार्यमा हेटौंडाका सामुदायिक तथा निजी विद्यालयका संचालक तथा प्राचार्यहरुसँग छलफल गरेको हो । विद्यार्थीको रुचिअनुसार पढाउन सके शिक्षाको क्षेत्रमा ठुलो परिवर्तन आउने एष्ट्रोनोभा फाउन्डेसन नेपालका संस्थापक प्रमुख किसन बास्तोलाको धारणा छ ।

बास्तोलाको सभाध्यक्षतामा भएको छलफल कार्यक्रममा काठमाडौं विश्वविद्यालयका एजुकेसनका एसोसिएट डीन, प्राडा. हेमराज काफ्लेले प्रधानाध्यापकको नेतृत्व भूमिका बारे आफ्नो अनुभव सेयर गरेका थिए । म्याथम्याटिकल एशोसियसनका अध्यक्ष बिनोदप्रसाद पन्त, टिचर एजुकेटर मोटिभेस्नल स्पिकर, एजुकेस्नल एक्टिभिष्ट लिडर अभिषेक घिमिरेले सामुदायिक विद्यालयमा देखिएका समस्या तथा समाधानका उपायका बारेमा सहभागी प्रधानाध्यापक, संचालकहरुसँग सहजीकरण गरेका थिए ।




कायक्रम उद्घाटन गर्दै हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा

कार्यक्रमका प्रमुख अतिथि हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले शिक्षामा केही भएन भनेर शिक्षकलाई गाली मात्र गरेर सिकाई उपलब्धी नबढ्ने बताइन् । शिक्षकलाई कक्षाकोठामा उच्चमनोवलका साथ प्रबेश गर्ने वातावरण बनाउने र विद्यार्थी केन्द्रित बिधिका बारेमा स्थानीय सरकारले पर्याप्त तालिम दिन जरुरी रहेको नगरप्रमुख लामाले बताइन् । समयसापेक्ष शिक्षा प्रदान गर्न नसकेको खण्डमा १२ कक्षा पछि उच्चशिक्षाका लागि विद्यार्थी नेपालमा अड्याउन नसकिने उनले बताइन् ।

वक्ताहरुले समयसापेक्ष शिक्षाबाट नै नयाँ नेपाल, विकसित नेपालको कल्पना गर्न सकिने बताए । निजी तथा सामुदायिक विद्यालयका प्रमुख तथा प्राचार्य, विभिन्न संघसंस्थाका प्रमुख तथा संचारकर्मीको उपस्थितिमा कार्यक्रम भएको थियो ।


## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# हटियामा प्रादेशिक विश्वविद्यालय

बागमतीको प्रादेशि विश्वविद्यालयको भवन हटियास्थित बालबोध माविको जग्गामा निर्माण हुने भएको छ । प्रशासनिक भवन निर्माण गर्न जग्गा खोजिरहेको विश्वविद्यालयलाई उपमहानगरले जग्गा उपलब्ध गराउने निर्णय गरेको छ । हेटौंडा उपमहानगरको ५७ औं कार्यपालिका बैठकले विश्वविद्यालयलाई बालबोध माविको नाममा दर्ता रहेको कित्ता नं. ५१० को जमिन उपभोग गर्न दिने निर्णय गरेको छ । सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा (४) बमोजिमको प्रक्रियाको लागि हेटौंडा उपमहानगर -१७ स्थित बालबोध माविको कि.नं. ५१० को जग्गामा विश्वविद्यालयको भवन निर्माणकार्य अगाडि बढाउन सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा जग्गा उपलब्ध गराउने निर्णय भएको हो ।

यसअघि प्रादेशिक विश्वविद्यालयका लागि हेटौंडा-११ को राप्ती नदीउकास जग्गामा भवन निर्माण गर्ने विषयमा चर्चा चलेको थियो । हेटौंडा-धरान-चतरा सडक, निजगढ-काठमाडौं द्रुतमार्गको पहुँच आदि कुराले हटिया उपयुक्त हुने भएकोले विश्वविद्यालयको भवन निर्माणका लागि उपमहानगरसँग पत्राचार भएको थियो । हुन त अहिले हाम्रा विद्यार्थी १२ कक्षा उत्तीर्ण गर्नेबित्तिकै उच्चशिक्षा अध्ययनको बहानामा बाहिरिएका छन् । नेपालका विश्वविद्यालयले विद्यार्थी पाउनै छोडिसक्यो । विद्यार्थीलाई नेपालमै टिकाउनका लागि सरकार संबेदनशील बन्न सकिरहेको छैन । प्रदेश सरकारको एकल अधिकारको सूचीमा रहेको उच्चशिक्षालाई प्रयोग गर्दै विश्वविद्यालय स्थापनाका लागि प्रदेश सरकारले उच्चशिक्षा ऐन, २०७८ ले गरेको व्यवस्थाअनुसार सार्वजनिक विश्वविद्यालयको सञ्चालन र व्यवस्थापनका लागि तयार गरिएको विधानमा विश्वविद्यालयसभा, विश्वविद्यालय संरक्षक समिति, प्राज्ञिकपरिषद्, कार्यकारीपरिषद् र सेवा आयोग गठनको व्यवस्था गरेको छ । गतवर्षको पुसमा बागमती प्रदेश सरकारले हेटौंडास्थित मकवानपुर बहुमुखी क्याम्पसलाई ‘बागमती प्रदेश सार्वजनिक विश्वविद्यालय’ बनाउने निर्णय गरेको थियो । प्रदेशको केन्द्रीय क्याम्पसको रुपमा मकवानपुर बहुमुखी क्याम्पसलाई विकास गरी प्रादेशिक विश्वविद्यालय बनाउने निर्णय गरेको तत्कालीन मुख्यमन्त्री शालिकराम जम्कट्टेलले जानकारी दिएका थिए ।

नेपालको संविधान-२०७२ को अनुसूची-६.८ मा प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालय गठन, स्थापना र सञ्चालन गर्न पाउने व्यवस्था छ । सोही संविधानको जगमा निर्माण भएको ‘राष्ट्रिय शिक्षा नीति-२०७६’ अनुसार प्रादेशिक विश्वविद्यालय स्थापनाको नीतिगत छलफल अगाडि बढेको थियो । यस्तै, सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीतिबमोजिम प्रक्रियाको लागि हेटौंडा-१० मा रहेको खाली जग्गा सम्बन्धित वडा कार्यालयको सिफारिसमा बायोमेडिकल वर्कसपका लागि उपलब्ध गराउने उपमहानगरले निर्णय गरेको छ । स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश सरकारको च.नं. ३१ को पत्रबाट खोप भन्डारगृह निर्माण र थप औषधि एवम् औषधिजन्य सामग्री भण्डारण तथा प्रादेशिक बायोमेडिकल वर्कसप सञ्चालन गर्नका लागि ३ कठ्ठा जग्गा माग गरेको थियो । उपमहानगरको यो निर्णयले प्रादेशिक बायोमेडिकल वर्कसप हेटौंडा-१० मा संचालन हुने भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर २४ गते सोमबार ९ डिसेम्बर २०२४ । नवमी, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:४४, सूर्यास्त ५:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : साझेदारी कार्यमा विवाद | तुला | : स्थानान्तरण हुनसक्ने |
| वृष | : दैनिक आयमा कमी | वृश्चिक | : दुस्चिन्ताले पिरोल्ने |
| मिथुन | : मांगलिक कार्य सम्पादन | धनु | : यात्रामा भयले सताउने |
| कर्कट | : कार्यमा बाधा | मकर | : उपचार खर्च वृद्धि हुने |
| सिंह | : आकस्मिक लाभ हुने | कुम्भ | : मानसम्मान मिल्ने |
| कन्या | : अर्थहानि हुने | मीन | : जोस एवम् जांगर बढ्ने |

# पुरुष भएपछि सधैं जित्नैपर्छ र ?



✍ अमृता लम्साल

सन् २०२४ नोभेम्बर २५ को साँझ लन्डनको शेराटन ग्र्यान्ड होटलमा ‘फरेन प्रेस एशोसिएसन’को पुरस्कार वितरण समारोह आयोजना गरिएको थियो । त्यहाँ विभिन्न क्याटागोरीमध्ये ‘थोमस फाउन्डेसन यो’ जर्नालिस्ट अफ द इयर’को पुरस्कारका लागि दुई जना पाकिस्तानी महिला पत्रकारहरू छानिएका थिए ।

उक्त क्याटागोरीमा, पुरस्कार दिइने पत्रकारहरू ३० वर्षभन्दामुनिका हुनुपर्थ्यो । अन्ततः तीमध्ये एक जना अफगानी रिपोर्टर विजेता घोषित गरिइन् । उनले कामको पहिचानले पुरस्कार प्राप्त गरे पनि उनको नाम सार्वजनिक गरिएन त्यहाँ उनलाई ‘मेरियम’ नाम दिइएको थियो ।

उनी पहिले अफगानिस्तानकी बासिन्दा थिइन् र त्यहाँ, महिला मुद्दामा रिपोर्टिङ गर्थिन् । तर, सन् २०२१ मा दुई दशकको अमेरिकी सेनाको कन्ट्रोल सकिएर तालिवानको सरकार सत्तामा आएपछि, अफगानिस्तानमा महिलाहरूको स्थिति झनै कठिन बन्दै गएको छ ।

त्यसको वाबजुद, एउटी महिला पत्रकारले त्यहाँका महिलाले भोगेका समस्या, दुःख र पीडालाई सञ्चारमाध्यमबाट बाहिरी संसार समक्ष ल्याउन चुकेकी छैनन् । यो कुरा सन् १९६१ देखि प्रकाशित हुँदै आएको ‘द कोलम्बिया जर्नालिजम रिभ्यू’को अनलाइनमा नोभेम्बर २६ तारिखमा प्रकाशित भएको छ । त्यहाँ प्रकाशित समाचार अनुसार, मेरियमले आफ्नो पहिचान लुकाउन, उनी सार्वजनिक स्थानहरूमा, समाचार स्रोतसँग कमैमात्र भेटिन्छ । स्रोतसँग कुराकानी गर्दा पनि आफ्नो असली परिचय लुकाउँछिन् । समाचार प्रकाशित भएपछि, आफूले संकलन गरेका प्रमाण, फोन कल, इमेल आदि सम्पूर्ण कुराहरू आफ्नो गजेटबाट मेटाउँछिन् ताकि, तालिवानले केही गरी फेला पार्‍यो भने आफू खतरामा नपरियोस् ।

उपरोक्त कार्य उनले आफ्नो व्यक्तिगत लाभको लागि गरेकी होइन केवल, अफगानी महिलाहरूको जीवनस्तर उकासियोस् र उनीहरूलाई बाँच्न सहज होस् भनेर मात्रै गरेकी हुन् । विश्वका थुप्रै देशमा महिलाहरू आफ्नो हक र अधिकारको लागि संघर्षरत् छन् । त्यसमा पनि अफगानिस्तान त महिलाको लागि अति नै कठोर र बाँच्न नै कठिन स्थितिको सामना गर्नुपर्ने देशको रूपमा स्थापित भइरहेछ ।

सन् २०२४ को अगस्त २६ मा अफगानिस्तानको एउटा समाचार ‘द गार्जियन’को अनलाइन भर्सनमा प्रकाशित भएको थियो । जसअनुसार, त्यहाँको तालिवान सरकारले ‘भाइस एन्ड भर्च्यू’ कानून ल्याएको थियो । उक्त कानून अनुसार, महिलाहरूले आफ्नो शरीर लाई बाक्लो कपडाको बुर्काले पूरै ढाक्नुपर्नेछ ताकि, पुरुषहरूले महिलाको शरीर देखेर गलत काम गर्न नउक्सिऊन् । त्यतिमात्रै होइन, महिलाहरूले सार्वजनिक स्थानमा बोल्न नहुने घरभित्रै पनि पढेको वा गाएको स्वर अरूले सुन्न नहुने । महिलाहरू घर बाहिर निस्कँदा आफ्नो रगतको नाताको पुरुष विना हिंड्न नहुने यदि आवश्यक परेर घरबाट बाहिर निस्कनु परेमा आफ्नो स्वर (बोली), अनुहार र शरीर सुनाउन, देखाउन नहुने कुरा उक्त कानूनमा राखिएको छ भनेर समाचारले उल्लेख गरेको थियो ।

यो सबै पढ्दा, सुन्दा लाग्छ- त्यहाँका राजनैतिक व्यक्तिहरू वा भनौं पुरुषहरू कुन उपग्रहबाट झरेका होलान् । सन् १९४६ नोभेम्बर १९ मा संयुक्त राष्ट्रसंघको सदस्यता लिएको अफगानिस्तानले महिलामाथि यति धेरै अत्याचार भइरहँदा पनि अन्य सदस्य राष्ट्रहरूले त्यहाँका महिलाहरूको जीवन सहज गराउन किन पहल गर्दैनन् होला ?

यसपालिको लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको राष्ट्रिय नारा, ‘हामी सबैको प्रतिबद्धता: लैंगिक हिंसा अन्त्यको लागि ऐक्यबद्धता’ सार्थक बनाउने हो भने पुरुष सहभागिता अपरिहार्य छ, नभए त यहाँ पनि अफगानिस्तानको ‘भाइस एन्ड भर्च्यू’ जस्तै सोच आउन बेर छैन ।

यो लेखमा अफगानिस्तानको प्रसंग उठाउनुको कारण हाल चलिरहेको लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान, जसमा २५ नोभेम्बेर देखि १० डिसेम्बरसम्म संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले भाग लिइरहेका छन् । त्यसमा उक्त देश पनि सदस्य राष्ट्र भएकोले जिम्मेवार हुनुपर्ने हो । तर, त्यहाँका महिलाहरूलाई त झन्झन् ढुंगेयुगतिर पुर्‍याउन लागेको आभास हुँदैछ ।

कुनैबेला, क्यानडामा पुरुषहरूको एउटा सञ्जाल बनेको थियो । जुन सञ्जालले, लैङ्गिक समानताका लागि पुरुष सहभागितामा विश्वास राखेर अगाडि बढ्न आफ्ना वरिपरिका पुरुषहरूलाई उत्प्रेरित गरेको थियो । सो सञ्जाल निर्माण हुनुमा पनि एउटा दुःखद् घटनाको देन थियो ।

भएको के थियो भने, सन् १९८९ को डिसेम्बर ६ तारिखका दिन क्यानडाको ‘इकोल पोलिटेक्निक युनिभर्सिटी इन मन्ट्रियल’ मा त्यहीं पढ्ने एउटा पुरुष विद्यार्थी आएर चौध जना महिला सहपाठीहरूलाई गोली हानेर हत्या गर्‍यो । त्यस हत्याकाण्डले देशका पूरै बासिन्दालाई हतप्रभ बनाइदियो र हिंसाको त्यस्तो भयावह रुपबारे सोच्न बाध्य बनाइदियो । त्यसैको फलस्वरुप

> **यसपालिको लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको राष्ट्रिय नारा, ‘हामी सबैको प्रतिबद्धता: लैंगिक हिंसा अन्त्यको लागि ऐक्यबद्धता’ सार्थक बनाउने हो भने पुरुष सहभागिता अपरिहार्य छ,**

सन् १९९१ मा केही पुरुषहरूले सामूहिक रूपमा महिलामाथि हुने हिंसाको विरुद्ध आवाज उठाउने निधो गरे । त्यो आवाजलाई निरन्तरता दिँदै उनीहरूले हरेक वर्ष महिलामाथि हुने हिंसाको विरुद्धमा जनचेतना जगाउन ‘सेतो रिबन’ अभियान चलाए, जुन अभियान नोभेम्बर २५ देखि डिसेम्बर ६ सम्म विभिन्न कार्यक्रमका साथ चलाउन थालियो ।

त्यो सेतो रिबन लगाउनुको अर्थ- ‘महिला र बालिकामाथि कहिल्यै पनि हिंसा गर्दिनँ, हिंसालाई बढावा दिन्नँ र हिंसा भएको देखेको खण्डमा चूप लागेर बस्दिनँ’ भनेर वाचा गर्नु थियो । उनीहरूको सोच थियो- ‘पुरुषत्व भनेको एउटा पुरुषले कतिवटी महिलासँग यौन सम्बन्ध राख्न सक्छन् भन्ने होइन । कुनै महिला र पुरुषलाई शारीरिक वा अन्य प्रकारको बलको आधारमा तर्साएर आफू बलियो ठहरिन खोज्नु पनि पुरुषत्व होइन । न कि, आफू कति धेरै दुःख र दर्द सहेर बहादुर देखिनु पुरुषत्व हो । अरूमाथि हिंसा गरेर श्रेष्ठ ठहरिन खोज्नु पनि पुरुषत्व होइन वा यौनिक आधारमा पनि पुरुषत्वको व्याख्या गर्न सकिँदैन।’

उनीहरूको दृष्टिकोणमा, पुरुषत्व भनेको ‘आदर र बराबरीमा आधारित सम्बन्ध हो । हिंसाको बिरुद्ध आवाज उठाउनु हो । सहयोग माग्न सक्ने हिम्मत हो । निर्णय गर्ने अधिकार र शक्ति बाँडफाँटको सन्तुलित प्रयास हो । अनि आफ्ना वरिपरिका विविधता र अधिकारका कुरालाई आदर र सम्मान गर्न सक्ने व्यवहार हो ।’ तर, जसले जेसुकै भनून्, मानिसहरूको मन र मस्तिष्कमा महिला माथि हुने/गरिने हिंसाले यति दह्रो रूपमा जरा गाडेको छ कि, त्यसलाई अवचेतन मनले हिंसा नै ठान्दैन, जसको फलस्वरुप समाजमा यसको पीडा महिलाले मात्रै होइन कि, पुरुषले पनि भोगिरहनु परेको हुन्छ ।

उदाहरणको लागि, हामी हाम्रा सन्तान हुर्काउँदा नै विभेद गरिरहेका हुन्छौं । हामी छोराहरूलाई रुन नहुने, बलियो हुनुपर्ने, कडा रूपमा प्रस्तुत हुनुपर्ने बिचार लादेर एक हिसाबले हिंस्रक रूपमा प्रस्तुत हुन उत्प्रेरित गरिरहेका हुन्छौं । अर्कोतर्फ, छोरीहरूलाई सहनशील हुनुपर्ने, बिस्तारै बोल्नुपर्ने, हाँस्न नहुने आदि आदि शिक्षा दिइरहेका हुन्छौं ।

यसै सन्दर्भमा, केही वर्ष अगाडि एउटा कार्यक्रममा, ‘म्यास्कुलिनिटी’ को बारेमा शोधकार्य गर्नुभएका डाक्टर सञ्जिव उप्रेतीले भन्नुभएको कुरा स्मरण गर्न चाहन्छु । ‘पुरुष र महिलालाई म्याक्रो अर्थात् बृहत् अनि माइक्रो अर्थात् सूक्ष्म तहमै भिन्न व्यवहार गरिन्छ’, उहाँले भन्नुभएको थियो ।

त्यो व्यवहार उनीहरूको लागि प्रयोग हुने भाषालगायत हरेक कुराले विभेदपूर्ण रहेको हुन्छ । डाक्टर उप्रेतीका अनुसार, पुरुषलाई समाजले त्रासैत्रासमा बाँच्न बाध्य पारेको छ । ऊ ‘नामर्द’, ‘जोइटिङ्ग्रे’, ‘दलाल’ आदि जस्ता शब्द आफू माथि प्रयोग हुने डरले पनि दबाबमा बाँच्न बाध्य हुन्छ, त्यसले गर्दा ऊ बढी आक्रामक हुन्छ । सानैदेखि पुरुषको मनस्थिति, घर, प्रकृति, युद्ध जतातत्तै जित्नुपर्छ भन्ने बनाइदिएको छ, जसको कारण यदि ऊ त्यस्तो भूमिकामा डगमगायो भने आफ्नो पुरुषत्व प्रमाणित गर्न पनि महिलामाथि हिंस्रक भएर देखापर्दछ र श्रीमती कुट्छ ।

हामी चाहे अफगानिस्तानको कुरा गरौं वा नेपालको, सबैभन्दा महत्वपूर्ण कुरा, पुरुषहरू महिलाका शत्रु पनि होइनन् न कि, पुरुषहरू महिलाका प्रतिवादी हुन् । न त महिला, न पुरुष, दुबै वर्ग एकअर्का विना पूर्ण हुन्छन् । कुरोको चुरो केवल, ‘पुरुषवादी सोच’ हो ।

जबसम्म कुनैपनि आन्दोलन या अभियानमा लाग्नेहरूको मनमा लैङ्गिक चेतनामूलक विषयक अध्ययन र अन्तर्क्रियाहरूबाट आफूभित्रको कमजोरी र अज्ञानता तथा पूर्वाग्रह स्पष्ट हुँदैनन् महिलाहरू सम्बन्धी अन्तर्राष्ट्रिय कानून एवं त्यसप्रतिको दायित्वको बारेमा सिकेका कुराहरू आन्तरिकीकरण गरिँदैनन्, तबसम्म यो विषय बौद्धिक विलासिताको वस्तुमात्रै भएर रहन्छ । अहिलेकै उदाहरण दिनुपर्दा पनि जो पुरुषहरू सञ्जालमा रहेर सेमिनार कोठाभित्र महिला अधिकारको कुरा उठाउँछन्, उनीहरू नै कोठा बाहिर निस्कने बित्तिकै ‘फलानीले किन थर फेरेर हिंडी ? त्यसलाई कानून कसरी लगाउन सकिन्छ ?’ भनेर हिंडेका उदाहरण भेटिन्छ ।

लेखको बिट मार्नुभन्दा अगाडि, यसपालिको लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको राष्ट्रिय नारा, “हामी सबैको प्रतिबद्धता: लैंगिक हिंसा अन्त्यको लागि ऐक्यबद्धता” सार्थक बनाउने हो भने पुरुष सहभागिता अपरिहार्य छ, नभए त यहाँ पनि अफगानिस्तानको ‘भाइस एन्ड भर्च्यू’ जस्तै सोच आउन बेर छैन ।

*अनलाइनखबरबाट*

# ‘हाइड्रोपावरका लगानीकर्ता निराश हुनुपर्ने अवस्था देख्दिनँ’



✍ गणेशबहादुर कार्की

३०० आयोजनामध्ये धेरै २० करोडभन्दा तलका छन् । संस्थापक्ले आयोजनाको लागत बढाउन सहज छैन । त्यहाँ ऋणदाता बैंकहरू र अरू परामर्शदाता पनि हुन्छन् । यदि कसैले अनियमितता गरेको भेटिए कारबाही हुनुपर्छ, यो हाम्रो पनि आग्रह हो । प्रतिशेयर नेटवर्थ ९० भन्दा कम भएका आयोजनालाई आईपीओ निष्कासन गर्न नदिनु भन्ने सार्वजनिक लेखा समितिको निर्देशन व्यावहारिक छैन । हामीले लेखा समितिसँग पनि छलफल गरिसकेका छौं । हरेक आयोजनाले प्रभावित स्थानीयका लागि १० प्रतिशत आईपीओमा कोटा छुट्याउनुपर्ने व्यवस्था छ ।

सो व्यवस्था अनुसार पनि आईपीओ जारी गर्नैपर्छ । धितोपत्र बोर्डले पनि यसलाई रोक्न मिल्दैन । त्यसकारण स्थानीयलाई आईपीओ नदिनु भन्नु कानुन विपरीत हुन्छ । अर्कोतर्फ त्यस्ता आयोजनाको सेयर रोकिन्छ भने त संस्थापक कसैले लगानी गर्दैनन् ।

सरकारले २८ हजार मेगावाटका आयोजनाहरू बनाउने भन्ने तर बनिरहेका आयोजनालाई निरुत्साहन गर्नुभएन । त्यस्तै संस्थापकहरू तीन वर्षपछि लकइन सकेर बाहिरिन्छन् भन्ने आरोप छ । साना संस्थापक सेयरधनी केही बाहिरिएलान् र संस्थापकहरूलाई लकइन पनि खुल्छ, तर मुख्य संस्थापकहरू ऋणको दायित्वबाट पन्छिदैनन् ।

प्रमुख संस्थापकहरू जसले बैंकमा ऋण लिंदा व्यक्तिगत ग्यारेन्टी गरेका हुन्छन्ह यो अनिवार्य छ, उनीहरू ऋण चुक्ता नहुन्जेलसम्म सबै शेयर बेचेर बाहिरिन पाउँदैनन् । म नै विभिन्न बैंकमा ८/९ वटा आयोजनाको पर्सनल ग्यारेन्टी बसेको छु, ती आयोजनाको कम्पनीको सेयर रोक्का छ ।

बैंकले आफू कम्फर्ट नभएसम्म प्रमुख सेयरधनीको सेयर बेच्न नसक्ने गरी रोक्का राखेको हुन्छ । जब आयोजनाबाट ऋण चुक्ता हुँदै जान्छ, त्यसपछि मात्रै ठूला संस्थापकहरूको शेयर फुकुवा गर्दै लैजान्छ । शेयर फुकुवा गर्दै गएपछि मात्रै संस्थापकहरूले छाड्न मिल्छ ।

एउटा संस्थापक सधैंभरि एउटै आयोजनाको संस्थापक भएर बस्दैन । ऊ अरू आयोजनामा पनि लगानी लैजान थाल्छ, अरू आयोजना पनि बन्न थाल्छन्, यसैगरी आयोजनाहरू बन्ने हुन् । त्यसैले केही आयोजनाका संस्थापकहरूले चलखेल गरेर लागत महँगो बनाए भन्ने आरोप निराधार हो ।

३०० वटा आयोजनामध्ये केही आयोजनाको लागत २८/३० करोड पनि होला, धेरै आयोजना त २० करोडभन्दा कमका छन् । फेरि संस्थापक्ले नै आयोजनाको लागत बढाउन सहज छैन । त्यहाँ ऋणदाता बैंकहरूको पनि परामर्श, सुझाव हुन्छ, अध्ययन हुन्छ । अरू परामर्शदाता हुन्छन् ।

उच्च तहका केही कर्मचारी गाडी चढेका होलान्, तलब राम्रो खाएका होलान्, त्यो फरक विषय हो । तर, सञ्चालकले नै पैसा खान्छन् भन्नु गलत हो, त्यो कतैबाट पनि सहज छैन । यदि कसैले अनियमितता गरेको खण्डमा नियमन हुनुपर्छ, गलत गर्नेलाई कारबाही हुनुपर्छ, यो हाम्रो पनि आग्रह हो ।

हो, केही आयोजनाको निर्माण सम्पन्न हुने अवधि ढिलाइ हुने गरेको छ । आयोजना समयमै नसकिँदा नै लागत महँगो परिरहेको छ । अधिकांश आयोजनाको लागत महँगो पर्नुको कारण समयमै आयोजना नसकिनु हो । यसमा भौगोलिक जटिलता, प्राकृतिक विपत्ति, समयमै स्रोत-साधन उपलब्ध नहुनु लगायत कारण छन् ।

जस्तो केही समयअघि विस्फोटक पदार्थ नपाउँदा निर्माणाधीन धेरै आयोजनालाई असर पर्‍यो । अर्को कुरा समयमै प्रसारणलाइन नबनिदिँदा पनि विद्युत् आयोजना तयार भए पनि उत्पादनमा ढिलाइ हुने गरेको छ । काबु बाहिरको परिस्थितिबाट आयोजना बनाउन ढिला भएको अवस्थामा उत्पादनको लाइसेन्स अवधि पनि थप्ने गरी सरकारले तयारी गरेको छ । त्यसकारण हाइड्रोपावर सेक्टरका कम्पनीबाट लगानीकर्ता निराश हुनुपर्ने अवस्था म देख्दिनँ ।

आयोजनाको व्यावसायिक उत्पादन गर्ने मिति तोकेर बैंकबाट ऋण लिएका हुन्छौं । विभिन्न परिस्थितिले व्यावसायिक उत्पादन मितिको अवधि गुज्रिएपछि ब्याजलाई पूँजीकरण गर्न नपाउने व्यवस्था छ । व्यावसायिक उत्पादनको मिति थप गर्नका लागि अहिले विद्युत् प्राधिकरणले आनाकानी गरिरहेको छ ।

प्राधिकरणले प्रसारण लाइन नबनाएको अवस्थामा व्यावसायिक उत्पादन मिति सारिदिने गरेको छ, तर भैपरी आएका अरू समस्यामा आनाकानी गरेको छ । जसले गर्दा करिब पाँच दर्जन आयोजनाको ब्याज पूँजीकरण हुनसकेको छैन । प्राधिकरणले यसलाई छिटो सम्बोधन गरोस् ।

पछिल्लो पटक हाइड्रोपावर कम्पनीहरूको वित्तीय विवरण तुलनात्मक रूपमा राम्रो छ । यसमा ब्याजदर घट्नु पनि एउटा कारण हो । आयोजनाबाट हुने आम्दानी निश्चित हुन्छ । विद्युत् प्राधिकरणसँग निश्चित दरमा पीपीए हुन्छ, आयोजनाको उत्पादन पनि बढ्दैन, बरु केही घट्न सक्छ ।

केही वर्षअघि कम्पनीहरूले ११/१२ प्रतिशत ब्याजदर पनि तिरेको अवस्था थियो, अहिले ८/९ प्रतिशतमा झरेको छ । अहिले पनि कतिपय आयोजनाले ५ वर्षसम्मका लागि फिक्स्ड ब्याजदरमा बैंकहरूसँग सम्झौता गरेका छन् । बैंकहरूले पनि अहिले ५ वर्षसम्मका लागि नै फिक्स्ड दरमै ऋण दिन थालेका छन् । त्यसकारण अबका आयोजनाहरूले केही नाफा बढाउन सक्छन् ।

> **कतिपय आयोजना सम्पन्न हुने चरणमै छन्, ती आयोजनाको आम्दानी भइनसकेकाले नोक्सानी देखिनु स्वाभाविक हो । २०८१ असोजमा आएको बाढीका कारण उत्पादन दिइरहेका आयोजना पनि बन्द भएको अवस्था छ ।**

कतिपय आयोजना सम्पन्न हुने चरणमै छन्, ती आयोजनाको आम्दानी भइनसकेकाले नोक्सानी देखिनु स्वाभाविक हो । २०८१ असोजमा आएको बाढीका कारण उत्पादन दिइरहेका आयोजना पनि बन्द भएको अवस्था छ । काबु बाहिरको परिस्थिति भएकाले त्यस्तो अवस्थाका आयोजनाको ऋणको ब्याज पूँजीकरण पनि हुने गरेको छ । तर आयोजनाहरूको बीमा हुने भएकाले त्यसबाटै ब्याज तिर्ने गरेका छन् ।

काबु बाहिरको परिस्थितिबाट आयोजना बनाउन ढिला भएको अवस्थामा उत्पादनको लाइसेन्स अवधि पनि थप्ने गरी सरकारले तयारी गरेको छ । त्यसकारण हाइड्रोपावर सेक्टरका कम्पनीबाट लगानीकर्ता निराश हुनुपर्ने अवस्था म देख्दिनँ ।

*अनलाइनखबरबाट*

